# स्थानीय राजपत्र

खण्डः ७  कीर्तिपुर, पुष २७ गते, २०८१ साल संख्या ६

**भाग - १**

## कीर्तिपुर नगरपालिका

# बालबालिका सम्बन्धी नीति, २०८१

# १. पृष्ठभूमि

बालबालिका समाजका अति सम्वेदनशील अङ्ग हुन् । बालबालिका बिनाको समाजको परिकल्पना गर्न सकिदैन र बालबालिकाको हित, संरक्षण, विकास विना समाज समृद्ध बन्न सक्दैन । नेपाललाई समृद्ध बनाउँदै सबै नेपालीलाई सुखी बनाउने राष्ट्रिय संकल्पको वास्तविक कार्यान्वयनको शुरुवात बालबालिकाको अवस्थामा ल्याइने सुधारबाट नै हुन्छ ।

नेपालको संविधानको धारा ३९ले बालबालिकाको हकको व्यवस्था गरेको छ भने मौलिक हकका अन्य थुप्रै प्रावधानहरु बालबालिकाको लागि समेत आकर्षित हुन्छन् । यसै गरी अन्य प्रचलित संघीय तथा प्रदेशिक ऐन लगायतका कानूनी दस्तावेजहरुमा बालबालिकाको अधिकारको संरक्षण, सम्बर्धन गर्ने व्यवस्था गरिएको छ । यस अतिरिक्त नेपालले अन्तरराष्ट्रिय जगतमा बालअधिकार सम्बन्धी महासन्धी लगायतका अन्तरराष्ट्रिय दस्तावेजहरु, दीगो विकासका लक्ष्यहरु समेतमा बालबालिकासंग सम्बन्धित थुप्रै प्रतिवद्धताहरु जनाएको छ । यी सबै कानूनी दस्तावेजका महत्वपूर्ण प्रावधानहरुका व्यवहारिक कार्यान्वयनका लागि देशको संघीय संरचना अनुसार स्थानीय तहको भूमिका अहम् रहेकोछ । यसका लागि प्रत्यक्ष सेवा प्रवाह गर्ने जिम्मेवार स्थानीय तह नीतिगत, संरचनागत तथा कार्यक्रमगत रुपमा सुदृढ र व्यवस्थित हुनु जरुरी छ । जसको अभावमा बालबालिकाको विषयले हरेक तहमा उचित प्राथमिकता पाउन कठीनाई हुनुका साथै विभिन्न तहका संरचनाहरुमा यथोचित बालसम्बेदनशिलता कायम हुन नसकी बालबालिकाको अवस्थामा आशातित प्रगति हुन नसक्ने जोखिम बढ्न सक्दछ । अतः नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बालबालिकासम्बन्धी ऐन, २०७५ लगायत अन्य प्रचलित ऐनहरू र

प्रादेशिक सरकारले बनाएका कानून, नीति तथा कार्ययोजनाहरूलाई आत्मसात् गर्दै, आफ्नो क्षेत्रभित्रका संपूर्ण बालबालिकाको समग्र हकअधिकारको सम्मान, संरक्षण र परिपालना गरी, विशेषतः हरेक बालबालिकाको संरक्षणका निम्ति प्रभावकारी कार्य सञ्चालनार्थ आवश्यक नीतिगत व्यवस्था गर्नका लागि कीर्तिपुर नगरपालिकाले यो **बालबालिका सम्बन्धी नीति, २०८१** जारी गरेकोछ।

यो **बालबालिका सम्बन्धी नीति, २०८१** कीर्तिपुर नगरपालिकाको कार्यपालिकाले विधिवत पारित गरेको मितिबाट तुरून्त लागु हुनेछ। बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी यस नीतिलाई पालना गर्नु कीर्तिपुर नगरपालिका भित्र कार्य गर्ने निकाय, संघसंस्था तथा नीजीक्षेत्र लगायत सबैको साझा दायित्व हुनेछ।

## २. नगरपालिकामा बालबालिकाका सम्बन्धमा भई आएका केही प्रमुख प्रयासहरू

बिगतदेखि नै यस नगरपालिकामा बालबालिकाका विषयमा खास गरी शिक्षा, स्वास्थ्य लगायतका सवालमा धेरै कामहरु हुँदै आएका छन्। तापनि कतिपय अवस्थामा विभिन्न आवश्यकताहरुको अगाडी बालबालिकासंग सम्बन्धित गतिविधिहरुका लागि यथोचित प्राथमिकता र पर्याप्त श्रोत विनियोजन हुन नसकि बालबालिकाको संरक्षण, विकास, सहभागिता लगायतका विविध क्षेत्रमा आशातित प्रगति हुन भने सकेको थिएन। संघीय संरचनानुरुपका जिम्मेवारी अनुसार नगरपालिकाले विभिन्न निकाय तथा संघसंस्थाहरु संगको आपसी सहयोग र सहकार्यमा समेत नगर क्षेत्रका बालबालिकासंग सम्बन्धित समस्याहरुको संवोधनका लागि भएका केही प्रमुख प्रयासहरु देहाय बमोजिम छन्:

- समस्यामा परेका बालबालिकाको उद्दार, संरक्षण, पुनर्स्थापना लगायतका निम्ति बाल कोषको व्यवस्था

- घरेलु तथा होटल रेष्टुराँका बालश्रमिक उद्धार संरक्षण गरी बालश्रम मुक्त बनाउन सहकार्य
- बालश्रम निवारणसम्बन्धी कीर्तिपुर नगरपालिकाको कार्ययोजना–२०८१ निर्माण
- बालमैत्री परियोजना
- बालअधिकार र बालसंरक्षणका सम्बन्धमा प्रशिक्षण एवं सचेतना कार्य
- बालसंरक्षण समितिको गठन र कृयाशीलता
- विद्यालयमा विशेषज्ञ शिक्षक सहयोग, तालिम लगायत केही भौतिक पूर्वाधार निर्माण, मर्मत सहयोग
- खेलकुद विकास तथा बालबालिकाका विभिन्न सिर्जनात्मक प्रतियोगिताहरु
- .बाल परामर्श सेवा
- बालमैत्री कक्षाको व्यवस्था

## ३. नगरपालिकामा बालबालिका सम्बन्धी विद्यमान अवस्था तथा केही प्रमुख समस्या

वि.सं. २०५३ चैत्र १४ गते स्थापना भएको कीर्तिपुर नगरपालिका १४.७६ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको छ । ऐतिहासका धेरै घटनाहरुका साक्षि, उपत्यकाको सबैभन्दा ठूलो ताल टौदह, बाघभैरवको मन्दिर, उमामहेश्वर, इन्द्रायणी मन्दिर, चिलंच्व चैत्य लगायतका सम्पदाहरु भएको, नेपालकै उच्चशिक्षा हासिल गर्ने मूल थलो बनेको, यस नगरपालिकाको पूर्वमा बागमती नदी, पश्चिममा चन्द्रागिरी नगरपालिका, उत्तरमा काठमाडौ

महानगरपालिका एवम् नागार्जुन नगरपालिका र दक्षिणमा दक्षिणकाली नगरपालिका रहेका छन् ।

१० वटा वडाहरूमा विभाजित यस नगरपालिकामा जम्मा घरधुरी सङ्ख्या १९,४४१ रहेको छ भने कुल जनसङ्ख्या ८१,७८२ रहेको छ, (जनगणनां, २०७८) । जसमा महिला .३८४०४.र पुरुष ४३३७८प्रतिशत रहेकाछन् । १८ वर्ष मुनिका बालबालिका ........प्रतिशत अर्थात करीब ३५,६०० बालबालिका रहेको छन् । तर यस पालिका भित्र अस्थायी बसोबास गर्ने परिवार तथा बालबालिकाको संख्या पनि उल्लेख्य मात्रामा रहेको छ र सोको विवरण अद्यावधिक गर्न सकिएको छैन । यस नगरपालिका भित्र .................... सामुदायिक विद्यालयमा ........................विद्यार्थी तथा ............... निजी विद्यालयमा ................ विद्यार्थी अध्ययारत रहेका छन् ।.......................................................

स्वास्थ्य सेवा र सुविधाहरू, अस्पताल, स्वास्थ्य केन्द्र, महिला स्वास्थ्य स्वयम्सेविकाहरुको संख्या, खोपको अवस्था आदी ।

शैक्षिक उपलब्धी

साक्षरता

एसइइ

ड्रपआउट दर, कक्षा दोहऱ्याउने दर, आदी उपलब्ध तथ्यांक

जन्मदर्ता

बालश्रम

बालगृहहरु

अपांगता भएका बालबालिका

...........

*बालबालिका संग सम्बन्धित हुने उपलब्ध तथ्यांकहरु नगरपालिकाको सम्बन्धित शाखाबाट लिई राख्नु पर्ने*

नगरपालिकाको समग्र विकासका लागि संचालित विभिन्न कार्यक्रमहरु संगै बालबालिकाको निम्ति पनि धेरै प्रयासहरु हुँदै आएका छन् । तर

पनि कतिपय अवस्थामा साधन, श्रोत, अवधारणात्मक स्पष्टता, समस्या पहिचान तथा उचित प्राथमिकता लगायतको कमी वा अभावका कारण बालबालिकासँग सम्बन्धित विभिन्न समस्याहरुलाई समाधान गर्न सकिएको छैन । नगरपालिका भित्र अझै पनि विद्यमान रहेका केही प्रतिनिधिमूलक विषयहरु वा समस्याहरु निम्नानुसार छन्:

- बालश्रमः खासगरी होटेल, रेष्टुरेन्ट, चिया पसल तथा क्याटरिङ्ग, ईटा भट्टा, सवारीसाधन, घरेलु काम, निर्माण कार्य, बधशाला, फोहोरमैला व्यवस्थापन, कृषि आदीमा बालश्रम
- सामुदायिक बिद्यालयमा शैक्षिक गुणस्तर कमजोर हुनगई गुणस्तरीय शिक्षाबाट बन्चित
- विद्यालयमा बालमैत्री वातावरणको अभाव हुनुका साथै अनुशासनका नाममा दण्ड सजाय दिइनु
- विद्यालय तथा समुदायमा बालबालिका माथि हुने हेपाई (बुलिङ)
- इन्टरनेट अनलाइन, सामाजिक सन्जालको कारण पढाइमा नकारात्मक प्रभाव, सोको दुरुपयोगबाट आइपर्ने जोखिम
- बालबालिकाका विरुद्ध विभिन्न स्वरुपमा घरपरिवार, विद्यालय, समुदायमा हेला, भेदभाव, दुर्व्यवहार हुनु
- घरेलु हिंसाबाट बालबालिका प्रभावित हुनु तथा परिवारमा बालबालिकाको उचित हेरचाह नहुनु
- बालसमुहको कृयाशीलतामा कमी
- अभिभावक, समुदाय तथा कतिपय सेवा प्रदायक संघसंस्था, निकायहरुमा बालअधिकार र बालबालिकाप्रति सचेतना कमी
- आर्थिक विपन्न परिवारमा बालबालिकाका लागि आधारभूत आवश्यकता पूर्तिको अभाव
- सूर्तिजन्य पदार्थ, मद्यपान, लागू पदार्थको दुर्व्यशनमा बालबालिकाको संलग्नता

- बालविवाह निर्मूल नहुनु
- सत्प्रतिशत जन्मदर्ता नहुनु
- बालबालिकाका लागि सबै वडामा बालउद्यान, खेलकुदको पर्याप्त व्यवस्था नहुनु
- अभिभावक बिहिन, अपांगता भएका, लैगिंक अल्पसंख्यक, एचआईभी संक्रमित तथा पभावित बालबालिकाको विशेष आवश्यकताहरुको संवोधन पूर्णरुपमा हुन नसक्नु
- बालमैत्री वातावरण तय नहुनु
- बालबालिकाका लागि प्रयाप्त आर्थिक व्यवस्थापन नहुने

बालबालिकाको बहुआयामिक विकास तथा संरक्षणका लागि अभिभावक, समुदाय, विद्यालय देखि राज्यका सबै निकायहरु संम्वेदनशील हुन आवश्यक छ । यसक्रममा देहायका केही चुनौतिहरु पनि विधमान रहेका छन्:

- सबै तहका नीति निर्माण देखि कार्यान्वयनसम्म बालबालिकाको विषयले उचित प्राथमिकता नपाउनु,
- पर्याप्त श्रोत विनियोजन हुन नसक्नु,
- बालश्रम लगायत जोखिममा रहेका बालबालिकाको परिवार सम्पर्कमा नहुने वा उनीहरुको संरक्षणका लागि सक्षम नहुने, पुनर्स्थापन गर्न लामो समय लाग्नु,
- बालश्रमको अन्त्यका लागि निजीक्षेत्रलाई दायित्ववोध गराउन कठीनाइ हुन
- सबै क्षेत्रमा नियमित र प्रभावकारी अनुगमन गर्ने जनशक्ति तथा श्रोतको उपलब्धता न्यून हुनु, अनुगमन प्रणाली प्रभावकारी नहुनु ।

- सबै सेवा प्रदायकहरुमा बालसम्वेदनशीलता अभिवृद्धि नहुनु
- अध्ययन अनुसन्धान समेतका आधारमा तथ्यांक, सूचना, जानकारीको अभिलेख व्यवस्थित र दुरुस्त राख्न नसक्नु
- सरोकारवालहरु बीच श्रोत परिचालन सहितको समन्वय र सहकार्य प्रभावकारी नहुनु ।
- घटना व्यवस्थापन अभिलेख नहुनु

## ४. बालबालिका सम्बन्धी नीतिको आवश्यकता

बालबालिकाको अधिकार प्रति नेपालले राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा थुप्रै प्रतिवद्धता जनाएको छ ।

नेपालको संविधानले महत्वका साथ बालबालिकाको हकलाई मौलिक हक अन्तरगत समेटेको छ भने बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनु पर्ने कुरा राज्यको नीतिमा उल्लेख गरेकोछ । बालबालिका सम्बन्धी ऐन २०७५ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतले बालबालिकाको अधिकारको कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहसमेतलाई तोकेको छ । तर कतिपय अभावमा अवधारणागत स्पष्टताको अभावमा, कार्यान्वयनका तहमा सघाउने स्पष्ट नीतिगत व्यवस्थाका अन्य आवश्यकताका अगाडी बालबालिकाका विषय ओझेलमा पर्ने गरेको देखिन्छ । बालबालिकाको हक अधिकारको व्यवहारिक कार्यान्वयनका लागि संघीय संरचनानुरुप प्रत्येक स्थानीय तहले आआफ्ना प्रामथमिकता निर्धारण गरी तदनुरुप आवश्यक नीति तथा कार्यक्रमहरु तय गर्न आवश्यक हुन्छ । यसकार्यमा नगर भित्रका सबै सरोकारवालाहरुको बालबालिकासंग सम्बन्धित विषयमा साझा बुझाई तथा न्यूनतम स्तर कायम गरिनु पर्दछ । अतः जनतासंग प्रत्यक्ष सम्पर्कमा रहने र सेवाप्रवाहको मूख्य जिम्मेवारी रहेको यस

नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्र रहेका तथा बसेका बालबालिकाको समग्र पक्षलाई समेटेर सबै सरोकारवालालाई बालबालिका प्रति सम्वेदनशील बनाउन, बालबालिकाको विषयलाई प्राथमिकतामा राखी सरकारी, गैरसरकारी तथा निजीक्षेत्र सबैको एकीकृत प्रयासलाई बालअधिकार सम्मत ढङ्गले दिशानिर्देश गर्न, एवम् आपसी सहयोग, समन्वय र सहकार्यमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र परिपालना गरी व्यवहारमा सुधार ल्याउँदै नगरका बालबालिकालाई एक सक्षम नागरिकका रुपमा विकास गर्नकालागि यो बालबालिका सम्बन्धी नीति तर्जुमाको आवश्यकता रहेको हो ।

## ५. बालबालिका सम्बन्धी नीतिको लक्ष्य

हरेक बालबालिकालाई एक सक्षम नागरिकका रुपमा हुर्कन दिनका लागि स्थापीत बालअधिकारको पूर्ण उपभोग गर्न पाउने अवस्था सिर्जना गर्दै उनीहरुको सर्वाङ्गीण विकास गर्न, कुनै पनि किसिमको भेदभाव, हिंसा, शोषण, दुर्व्यवहार र बेवास्ता नहुने सुनिश्चित गरी हरेक तहमा बालबालिकाका विचार र भावनालाई यथोचित मान्यता दिई घर, परिवार, विद्यालय, समुदाय र नगरपालिकालाई बालमैत्री बनाउनु यस नीतिको दीर्घकालीन लक्ष्य रहेको छ ।

## ६. बालबालिका सम्बन्धी नीतिका उद्देश्यहरू

१. नेपालको संविधान तथा प्रचलित कानून बमोजिम बालबालिलाई प्राप्त हक अधिकार नगरपालिका भित्र रहेका र बसेका सबै बालबालिकाले निर्वाध उपभोग गर्न पाएको सुनिश्चित गर्ने ।

२. बालबालिकामाथि कुनै पनि ढंगले हुने हिंसा, दुर्व्यवहार, हानि, श्रमशोषण तथा यौनशोषण लगायत सबै प्रकारका शोषण, भेदभाव, ओसारपसार, बालविवाहलाई अन्त्य गर्ने ।

३. कुनै पनि प्राकृतिक तथा मानव सिर्जित विपद् एवम् महामारीबाट बालबालिका माथि आई पर्ने जोखिम न्यूनिकरण गर्ने ।

४. खोप, पोषण तथा आधारभूत स्वास्थ्य सेवा सबै बालबालिकाले प्राप्त गरेको सुनिश्चित गर्ने ।

५. उमेर अनुसार प्रारम्भीक बालबिकास, आधारभूत तह तथा माध्यमिक तहसम्म बालमैत्री वातावरणमा सबै बालबालिकाले गुणस्तरीय शिक्षा आर्जन गर्ने अवसर प्राप्त गरेको सुनिश्चित गर्ने ।

६. स्थानीय विकासका हरेक प्रक्रियामा सबै तहमा बालबालिकासँग सरोकार राख्ने विषयहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

७. बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि नगरपालिका, वडा तथा समुदाय स्तरमा संस्थागत व्यवस्था गर्ने ।

८. बालमैत्री स्थानीय शासन क्रमशः सबै वडाहरुमा कार्यान्वयन गरी नगरपालिकालाई बालमैत्री बनाउने ।

९. बालबालिका सम्बन्धी तथ्यांक, सूचना तथा जानकारीहरुको अभिलेख व्यवस्थापन गर्ने ।

१०. सरकारी, गैरसरकारी, नीजीक्षेत्र र अन्य सरोकारवालाहरु बीच समन्वय, सहकार्य र साझेदारी कायम गर्ने ।

## ७. मुख्य नीतिहरू

***उद्धेश्य ६.१*** *(नेपालको संविधान तथा प्रचलित कानून बमोजिम बालबालिलाई प्राप्त हक अधिकार नगरपालिका भित्र रहेका र बसेका सबै बालबालिकाले निर्वाध उपभोग गर्न पाएको सुनिश्चित गर्ने ।)*
***संग सम्बन्धित नीतिहरु***

७.१ बालअधिकार सम्बन्धी नेपालका अन्तरराष्ट्रिय प्रतिवद्धताहरु, नेपालको संविधान, कानूनले बालबालिकाको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नका लागि गरेका व्यवस्थाहरुका बारेमा आवश्यकता अनुसार स्थानीय बोलीचालीको भाषामा समेत सामग्री तयार गरी आम सचेतना अभिवृद्धि गरिनेछ ।

७.२. बालबालिकाको अधिकार तथा सो सम्बन्धमा बयस्कहरुको कर्तव्यका बारेमा एवम् बालबालिकाका विषयलाई प्राथमिकता दिनुपर्ने लगायतका विषयमा अभिभावक, शिक्षक, समुदाय, सेवा प्रदायक संघसंस्था तथा निकायहरु, नीजी क्षेत्र समेतलाई सचेत गराउँदै सबैक्षेत्रमा बालसम्वेदनशीलता र जवाफदेहिता अभिवृद्धि गरिनेछ ।

७.३ नगरपालिका भित्रका बालबालिकाको जन्मदर्ता शत प्रतिशत भएको सुनिश्चित गरिने छ ।

७.४ नगरपालिका भित्र सञ्चालित बालबालिका सम्बन्धी क्रियाकलापहरु बालबालिकाको सर्वोत्तम हित विपरित नभएको सुनिश्चित गरिने छ ।

<u>रणनीति तथा कार्यनीतिः *(नीति ७.१, देखि ७.४ संग सम्बन्धित)*</u>

क) बालअधिकारका सम्बन्धमा भएका अन्तरराष्ट्रिय महासन्धि, संविधान तथा प्रचलित कानूनहरुमा भएका व्यवस्थाहरु, दीगो विकास सम्बन्धी राष्ट्रिय लक्ष्य आदीलाई सरल बनाई तथा आवश्यकता अनुरुप स्थानीय भाषामा समेत आमरुपमा जानकारी गराउँदै सोको पालना गरी सरोकारवालाहरुले आआफ्नो दायित्व निर्वाह गर्न विभिन्न तहमा सचेतनाका कार्यक्रमहरु गरिनेछ । आमसञ्चार माध्यम तथा विभिन्न विद्युतीय माध्यमबाट जानकारी प्रवाह गरिने छ ।

ख) नगरपालिका भित्र हुने कुनै पनि पेशागत तथा क्षमता अभिवृद्धि तालिमहरुमा बालअधिकार तथा बालसंवेदनशीलता सम्बन्धी विषयलाई समेत समावेश गर्ने ।

ग) बालबालिकासंग सम्बन्धित कुनै पनि सेवा प्रवाह गर्ने सरकारी निकाय, गैरसरकारी तथा नीजीक्षेत्र, समुदायस्तरका संरचना, संचारमाध्यम लगायतलाई बालबालिका प्रति सम्वेदनशील रहन र विषयानुरुप जवाफदेही रहन सचेतीकरण गर्ने ।

घ) जन्मदर्तालाई निःशुल्क र अनिवार्य गरी यसबारेमा व्यापक सचेतना बढाइने, आवश्यकता अनुसार जन्मदर्ताका निमित्त घुम्ती सेवा, सुत्केरी भेट कार्यक्रम जस्ता  सञ्चालन क्रियाकलप संचालन गरी सबैको जन्मदर्ता गर्ने ।

ङ) नगरपालिकाको नीति निर्माण, श्रोत विनियोजन गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिने र बालबालिकाका निम्ति नगरपालिका भित्र कुनै पनि संघसंस्था, निकाय तथा निजी क्षेत्रले सञ्चालन गरेका कार्यक्रम तथा क्रियाकलापहरु प्रचलित बालअधिकारका आधारभूत मान्यतानुरुप बालबालिकाको सर्वोत्तम हितमा भए नभएको अनुगमन गरी सुधारका लागि निर्देशन दिने लगायतका आवश्यक कारवाही गर्ने ।

***उद्धेश्य ६.२*** *(बालबालिकामाथि कुनै पनि ढंगले हुने हिंसा, दुर्व्यवहार, हानि, श्रमशोषण तथा यौनशोषण लगायत सबै प्रकारका शोषण, भेदभाव, ओसारपसार, बालविवाहलाई अन्त्य गर्ने ।)* ***संग सम्बन्धित नीतिहरु***

७.५ बालबालिका माथि कुनै पनि किसिमको हिंसा हुन दिइने छैन र यौनदुर्व्यवहार लगायत सबै किसिमका दुर्व्यवहार, शोषण हुनबाट बालबालिकालाई संरक्षण गरिनेछ ।

७.६ कानून विपरित कुनै पनि बालबालिका (होटल रेस्टुरेन्ट, निर्माण कार्य, घरेलु बालश्रमिक, सवारी साधन, ईटा उद्योग लगायत) कुनै पनि प्रकारको बालश्रममा लाग्नु पर्ने अवस्थाको अन्त्य गरिने छ र बालश्रमको श्रोतस्थल र गन्तव्यस्थल दुबैमा अनुगमन गरी बालबालिकालाई आवश्यक सहयोग, उद्धार गरिने छ र श्रमशोषण गर्नेलाई कानून बमोजिम कारवाही गरिनेछ ।

७.७ बाबुआमा विहिन, अनाथ, वेवारिस अवस्थामा भएका बालबालिकाको उचित पुनर्स्थापना गरिने छ र यसक्रममा बैकल्पीक

हेरचाहका विभिन्न उपाय अपनाइने छ, यस सन्दर्भमा संस्थागत हेरचाहलाई अन्तिम विकल्पका रुपमा मात्र लिइनेछ ।

७.८ अपांगता भएका, लैगिंक अल्पसंख्यक, एचआईभी संक्रमित तथा पभावित बालबालिकाको विशेष आवश्यकताहरु पहिचान गरी सोको परिपूर्तिलाई प्राथमिकता दिइनेछ यस आधारमा हुने भेदभाव अन्त्य गरिनेछ ।

७.९ बालअधिकारको उल्लंघन भई आपत्कालिन अवस्थामा रहेका बालबालिकाको तत्काल उद्धार, संरक्षण, मनोसामाजिक विमर्श लगायतका सेवाका लागि बाल हेल्पलाइन १०९८ (दश नौ आठ) को सुदृढीकरण गर्न आवश्यक सहयोग, समन्वय र सहकार्य गरिनेछ ।

७.१० बालविवाहलाई अन्त्य गरिनेछ, बालविवाह गर्ने, गराउने तथा सहभागी हुने, सहयोग गर्नेलाई कानूनी तथा सामाजिक कारवाहीको दायरामा ल्याइनेछ । किशोर तथा किशोरीहरुलाई २० वर्ष भन्दा पहिले विवाह नगर्न सचेतना कार्यक्रम सञ्चालन गरिने छ र बालक्लवहरुलाई यस कार्यमा परिचालन गरिनेछ ।

७.११ बालिकाहरुको विशेष आवस्यकतालाई प्राथमिकतामा राखी विद्यालय, स्वास्थ्य केन्द्र लगायतका सेवा प्रवाह गर्ने स्थान तथा सार्वजनिक स्थलहरुमा बालिकामैत्री वातावरण सिर्जना गरिनेछ ।

७.१२ सूर्तिजन्य पदार्थ, मादक पदार्थ तथा लागूपदार्थको दुर्व्यशनबाट बालबालिकालाई संरक्षण गर्न सोबारेमा बालबालिका, अभिभावक, शिक्षक, समुदायलाई सचेत गर्नुका साथै दुर्व्यशन स्थल तथा दुर्व्यशनीहरु पहिचान गरी उनीहरुको उपचार, पुर्नस्थापनाका लागि परिवार लगायतसंग सहकार्य गरिनेछ र त्यस्ता पदार्थहरुको उत्पादन,

बिक्रिवितरण, ओसारपसार तथा प्रयोग लगायतमा बालबालिकाको पहुँच नियन्त्रण गरिनेछ ।

७.१३ विद्यालयका साथै घर, समुदायलगायतमा बालबालिकालाई अनुशासनको नाममा दिइने शारीरिक तथा मानसिक दण्डसजायको अन्त्य गरी सकारात्मक अनुशासन पद्धतिलाई विस्तार गरिनेछ ।

७.१४ बालबालिकालाई इन्टरनेट अनलाईनका माध्यमबाट हुनसक्ने हानि, जोखिम न्यूनिकरणका लागि बालबालिका, विद्यालय तथा अभिभावक समेतको सहभागितामा सचेतना एवम् रोकथाममूलक कार्य सञ्चालन गरिनेछ ।

७.१५ नगरपालिकाको आफ्नो भौगोलिक क्षेत्र भित्रका बालबालिकासँग प्रत्यक्ष काम गर्ने सबै सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूलाई बालसंरक्षण मापदण्ड बनाई लागु गर्न सहयोग गरिनुका साथै सोको अनुगमन गरिनेछ एवम् नगरपालिका स्वयम्का लागि समेत बालसंरक्षण मापदण्ड बनाइ कार्यान्वयन गरिनेछ ।

## रणनीति तथा कार्यनीतिः *(नीति ७.५ देखि ७.१५ संग सम्बन्धित)*

क) बालबालिकामाथि हुने यौन शोषण तथा दुर्व्यवहार, श्रमशोषण, बेचबिखन तथा ओसारपसार आदी र यसबाट बच्ने उपायबारे बालबालिका स्वयम् लगायत अभिभावक, शिक्षक, विभिन्न सेवाप्रदायकहरु, समुदायमा आधारित संघसंस्था वा समूह, व्यवशायीहरु आदि बीच सचेतना अभिबृद्धिका साथै आमसञ्चार माध्यमबाट समेत जानकारी प्रवाह गर्ने ।

ख) बालबालिकामा आफूविरूद्ध हुने वा हुनसक्ने शोषण तथा दुर्व्यवहार विरूद्ध प्रतिकार गर्नसक्ने सीप तथा क्षमताको विकास गर्ने तालिम, अन्तरक्रिया, सचेतना कार्यक्रमहरु गर्ने ।

ग) शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायक लगायत बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौनशोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि गर्ने, सचेत गर्ने तथा त्यस्ता उजुरीको सुनुवाई छिटोछरितो र बालमैत्री बनाउन नियमित अन्तरक्रिया एवम् क्षमता अभिवृद्धि गर्ने ।

घ) बालश्रम विरुद्धमा सचेतना अभिवृद्धि गर्नुका साथै बालश्रम हुने सम्भावित निजी तथा व्यावसायिक लगायतका सबै क्षेत्रको नियमित अनुगमन गरी कानून विपरित बालश्रममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना गरी श्रमशोषण गर्नेलाई कारवाही गर्ने ।

ङ) बालबालिकालाई बालश्रममा आउनबाट रोक्न विद्यालय बाहिर भएका बालबालिकाको परिवारसँग समन्वय गरी निजलाई विद्यालयमा भर्ना गरी औपचारिक शिक्षाको निरन्तरता गराउन सहजीकरण, सहयोग गर्ने ।

च) बालश्रममा संलग्न हुने जोखिममा रहेका सबै बालबालिकाको स्थितिको निरन्तर अनुगमन गरिनेछ र आधारभूत आवश्यकता पूर्तिका लागि सहयोग गरी विद्यालय निरन्तरताको वातावरण निर्माण गर्ने ।

छ) बालश्रम उपयोग निरुत्साहन गर्न राज्यश्रोत खर्च हुने कुनैपनि निर्माण कार्य, विभिन्न सेवा तथा सामग्रीमा बालश्रम

प्रयोग हुन नदिने, बालश्रम प्रयोग भएका कुनैपनि सेवा वा सामग्री उपयोगमा नल्याउने मान्यतालाई व्यवहारिक कार्यान्वयनमा ल्याइने छ र बालश्रम प्रयोग गरेको पाईएमा कानूनी कारवाहीको लागि पहल गर्ने ।

ज) बालविवाह अन्त्यका लागि बालविवाहको आर्थिक, सामाजिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकाससम्बन्धी असर र कानुनी प्रावधान आदिबारे विशेषत: किशोर किशोरी बीच तथा लक्षित समुदाय पहिचान गरी अभिभावक समेतका लागि सचेतना गर्ने, २० वर्ष नपुगेका किशोर तथा किशोरीहरुलाई आफुखुसी विवाह नगर्न प्रेरित गर्ने, यस कार्यमा समाजका धार्मिक गुरुहरु लगायतका अगुवालाई सहभागी गराउने, यस्ता कार्यको सामाजिक बहिस्कार गर्ने र घटनालाई नलुकाई कानूनी कारवाही गर्ने ।

झ) बालविवाहको घटनाको सम्भावनाको आङ्कलन गर्न तथा विवाह हुन लागेको जानकारी दिने कामका लागि टोल-टोलमा समूहहरू (बालबालिका, युवा तथा आमासमुह आदी) परिचालन गर्ने तथा बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाइ बुझाइ गरी मनोसामाजिम विमर्श सेवा लगायत अन्य आवश्यक सहयोग, सेवाउपलब्ध गराई बालविवाह नगर्ने वातावरण निर्माण गर्ने ।

ञ) बालअधिकारको उल्लंघनका घटनाहरुमा तत्काल सम्वोधन गरी आवश्यकता अनुसार बालबालिकाको उद्धार, संरक्षण, मनोसामाजिक विमर्श लगायतका सेवा प्रदान गर्ने महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको समन्वयमा संचालित बाल हेल्पलाइनको सेवा निशुल्क टेलिफोन नं १०९८ (दश नौ आठ) बारे प्रत्येक विद्यालय तथा वडा कार्यालयमा

जानकारी प्रवाह गरी बाल हेल्पलाइनको सेवा सुदृढीकरणका लागि आवश्यक सहयोग र समन्वय, सहकार्य गर्ने ।

ट) बालबालिकाका लागि सूर्तिजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थको प्रयोग निषेधित रहेको तथा यसबाट स्वास्थ्यमा तथा जीवनवृत्तिमा पर्ने असरबारे बालबालिका तथा अभिभावकलाई सचेत गर्ने एवम् सूर्तिजन्य पदार्थसम्बन्धी ऐन, २०६८बमोजिम बालबालिकाले किन्न वा बालबालिकालाई बेच्न नपाउने कुरा प्रत्येक पसलमा लेख्न लगाउने, विद्यालय तथा स्वास्थ्य संस्था वरपर सूर्तिजन्य पदार्थ, मद्यपानका सामग्री बेच्न नपाउने व्यवस्था कार्यान्वयन गर्ने । विद्यालयको निश्चित क्षेत्रभित्र सूर्तिजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थको विक्रि वितरणमा रोक लगाई प्रभावकारी अनुगमन गर्ने । शिक्षक र शिक्षिकाले सूर्तिजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थको प्रयोग गर्न नदिन प्रभावकारी रुपमा अनुगमन गरिनेछ ।

ठ) बाबुआमा विहिन, अनाथ, वेवारिस बालबालिकाको विवरण संकलन गरी सकेसम्म आफ्नै समुदायमा रहन सक्ने वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने तथा बैकल्पीक हेरचाहकाको व्यवस्था गर्ने, साथै नगरपालिका भित्र सञ्चालित आवासीय बालगृहहरुको नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड समेतका आधारमा नियमित अनुगमन गर्ने ।

ड) अपाङ्गता भएका बालबालिकाको लेखाजोखा, तथ्याङ्क सङ्कलन, सूचना र अवस्थाको यकिन गरी अपाङ्ग परिचयपत्र वितरणको सुनिश्चितता गर्ने, सार्वजनिक संरचना (विद्यालय, स्वास्थ्य चौकी, नगरपालिकाका कार्यालयहरु आदि) अपाङ्गता मैत्री बनाउने ।

ढ) लैगिंक अल्पसंख्यक, एचआईभी संक्रमित तथा पभावित बालबालिकालाई सो आधारमा कुनै भेदभाव हुन दिन र आवश्यक सेवा प्रदान गर्न सरोकारवालालाई सचेत र जिम्मेवार बनाउने ।

ण) नगर पालिकाको बालसंरक्षण मापदण्ड तर्जुमा गरी नगरपालिकाका सबै पदाधिकारी, कर्मचारी तथा नगरपालिकाका गतिविधिहरुसँग प्रत्यक्ष सम्बन्धित हुने सेवा प्रदायक, विशेषज्ञ, परामर्शदाता लगायतलाई सो बालसंरक्षण मापदण्डको जानकारी गराई सो पालनाको लिखित प्रतिवद्धता लिने पद्धति बसाउने ।

त) बालबालिकासँग प्रत्यक्ष काम गर्ने सबै सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूलाई नगरपालिकाको बालसंरक्षण मापदण्डलाई नमुना मानी ति संघसंस्था, निकायको कार्यप्रकृति अनुरुपका विषयसमेत समावेश गरी हरेक संघसंस्था, निकायले आआफ्नो बालसंरक्षण मापदण्ड बनाई लागु गर्न सबैलाई परिपत्र गर्ने तथा सोको कार्यान्वयन अवस्थाका बारेमा बालअधिकार समितिबाट नियमित अनुगमन गर्ने ।

थ) बालबालिका विरुद्ध भएका हिंसा, यौन शोषण तथा दुर्व्यवहार, श्रमशोषण, बेचबिखन तथा ओसारपसार जस्ता घटनाको उजुरीलाई सम्बन्धित सबै निकायले प्राथमिकता दिन र आवश्यकतानुसार पीडित बालबालिकाको संरक्षण, उपचार लगायतमा तत्काल सहयोग गर्न तथा त्यस्ता घटनाको कुनै पनि माध्यमबाट जानकारी प्राप्त भएमा तत्काल सो बारे यर्थाथ बुझी कारवाही बढाउन बालअधिकार समितिले अन्य संघसंस्था निकायहरुसँग समन्वय, सहकार्य, सहयोग गर्ने तथा अनुगमन गर्ने पद्धति अपनाउने ।

द) इन्टरनेट, अनलाईन सेवा वा मोबाइलफोनको माध्यमबाट आइपर्न सक्ने जोखिम तथा हानिका बारेमा विशेषतः बालबालिका बीच सचेतना बढाउनुका साथै समस्यामा परेका बालबालिकालाई मनोविमर्श सेवा उपलब्ध गराउने ।

ध) बालअधिकार उल्लंघनका कारण जोखिममा परेका बालबालिकाको उद्धार, संरक्षण, पुनर्स्थापनाका लागि बालकोषको रकम लगायत घटनाको गार्भियता र आवश्यकतानुरुप अन्य श्रोतबाट समेत सहयोग उपलब्ध गराउने ।

न) बालबालिका विरुद्ध भएका हिंसा, यौन शोषण तथा दुर्व्यवहार, श्रमशोषण, बेचबिखन तथा ओसारपसार, बालविवाह जस्ता बालसंरक्षण सम्बन्धी घटनाबाट पीडित भएका बालबालिकाको सशक्तिकरणका लागि पीडित बालबालिकाका साथै आवश्यकतानुसार नीजका परिवारलाई समेत मनोविमर्श सेवा, सचेतना र जीवन निर्वाहका लागि आर्थिक उपार्जन सहयोग समेत उपलब्ध गराउने, नगरपालिकाबाट सञ्चालित विभिन्न सशक्तिकरण तथा सहयोग उपलब्घ गराउने सम्बन्धी कार्यक्रमहरुमा यस्ता पीडित बालबालिका तथा परिवारलाई विशेष प्राथमिकता पाउने समुहभित्र राखी त्यस्ता कार्यक्रममा लाभग्राहीका रुपमा समावेश गर्ने ।

प) निजी तथा सार्वजनिक भवन निर्माणको निम्ति नगरपालिकाले नक्सापास गर्दा बाल दुर्घटना नहुने गरी सरचना बन्ने सुनिश्चित गर्ने । सार्वजनिक बाटो, पुल, कुलो, ढल, मैदान, उद्यान आदी निर्माणमा सो बालमैत्री समेत हुने सुनिश्चिता गर्नुका साथै सोको निमार्ण अवधिमा बाल दुर्घटना हुनसक्ने पक्षमा विशेष सर्तकता र सुरक्षाका उपाय अपनाउने ।

***उद्देश्य ६.३** (कुनै पनि प्राकृतिक तथा मानव सिर्जित विपद् एवम् महामारीबाट बालबालिका माथि आई पर्ने जोखिम न्यूनिकरण गर्ने ।) **संग सम्बन्धित नीतिहरु***

७.१६ विपद् तथा महामारीबाट बालबालिका समेत पीडित तथा प्रभावित हुनसक्छन् भन्ने कुरालाई ध्यान दिदै आवश्यक पूर्वतयारी र विपद् प्रतिकार्य योजना तयार गरिनेछ ।

७.१७. विपद् तथा महामारीबाट सिर्जित आपत्कालिन अवस्थामा उद्धार, राहत, पुर्नस्थापना कार्यमा बालबालिकालाई प्राथमिकता दिइनेछ ।

रणनीति तथा कार्यनीतिः *(नीति ७.१६ र ७.१७ संग सम्बन्धित)*

क) विपद् तथा महामारी सम्बन्धी पूर्वतयारी र विपद् प्रतिकार्य योजना निर्माण गर्दा बालबालिकामाथि पर्नसक्ने प्रभाव तथा बालबालिकाका विशेष आवश्यकताहरुलाई प्राथमिकता दिने ।

ख) बालबालिकाका निम्ति अत्यावश्यक पर्ने राहत सामग्री उपलब्ध गराउने, आपत्कालिन संरक्षणस्थलहरु बालमैत्री बनाउने, सबै प्रक्रियामा बालसंरक्षणको विषयलाई उच्च प्राथमिकता दिने ।

ग) विपद् प्रभावित बालबालिकालाई तत्काल खाना, बसोवासको सुरक्षित प्रवन्ध मिलाउनुका साथै विपद्का कारण शिक्षा तथा स्वास्थ्यबाट बञ्चित बालबालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारका लागि आवश्यक व्यवस्था गर्ने, सहयोग गर्ने ।

घ) विपद् तथा महामारीको पूर्वतयारी संग सम्बन्धित विषयहरु तथा सोबाट उत्पन्न आपत्कालिन अवस्थामा सुरक्षित रहन अपनाउनु पर्ने उपायहरुका बारेमा बालबालिकाले बुझ्ने गरी बालमैत्री स्वरुपमा सूचना, जानकारीहरु प्रदान गर्ने ।

***उद्धेश्य ६.४*** *(खोप, पोषण तथा आधारभूत स्वास्थ्य सेवा सबै बालबालिकाले प्राप्त गरेको सुनिश्चित गर्ने ।)* ***संग सम्बन्धित नीतिहरु***

७.१८ बालबालिकाका लागि चाहिने स्वस्थ्य सेवाहरु सर्वसुलभ, प्रभावकारी र गुणस्तरिय बनाउनका लागि नगरपालिका भित्रका स्वास्थ्य संरचनाहरुमा दक्ष, पेशागत क्रियाशिल जनशक्ति, उचित स्वास्थ्य उपकरण तथा पूर्वाधारको व्यवस्थालाई प्राथमिकता दिइनेछ ।

७.१९ गर्भवति महिलाको नियमित जाँच, सुरक्षित जन्म, नवजात शिशु तथा बालबालिकालाई आवश्यक आधारभूत स्वास्थ्य सेवाको निशुल्क उपलब्धताको सुनिश्चितता गरिनेछ ।

७.२० राष्ट्रिय खोप दिवशमा सबै बालबालिकाको सहभागिता सुनिश्चित गर्नुका साथै स्वास्थ्य संस्थामा आवश्यक खोपको उपलब्धता, सुरक्षित भण्डारण एवम् ओसारपसार गरी सबै बालबालिकाले पूर्ण खोप पाएको सुनिश्चिता गरिनेछ ।

७.२१ पोषणसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाइने छ र यसमा परिवार, समुदायको सहभागिता अभिवृद्धि गरिनेछ ।

७.२२ बालबालिकाको निम्ति निशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गरिनुका साथै स्वास्थ्य सेवालाई बालमैत्री एवम् किशोरकिशोरी मैत्री बनाइने छ ।

७.२३ एक विद्यालय एक नर्सको कार्यक्रम प्रभावकारी रुपमा लागु गर्नेछ ।

७.२४ सुनौलो १००० दिन कार्यक्रम निरन्तर लागु गर्नेछ ।

## रणनीति तथा कार्यनीतिः *(नीति ७.१८ देखि ७.२२ संग सम्बन्धित)*

क) स्थानीय स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, गुणस्तर लगायतका बारेमा नियमित र प्रभावकारी अनुगमन गर्ने तथा सुधारका लागि अतिआवश्यक सामग्रीको उपलब्धतालाई प्राथमिकता दिनुका साथै सेवा प्रदायकलाई पूर्ण दायित्व निर्वाहका साथ जवाफदेही बनाउने ।

ख) राष्ट्रिय खोप दिवशलाई प्रभावकारी बनाउन सबै बालबालिकाको पहुँचमा पुऱ्याउन घरदैलो सचेतनाका साथै सबै समुदायलाई पायक पर्ने गरी खोपकेन्द्रहरुको व्यवस्थापन गर्ने । स्वास्थ्य संस्थाहरुमा नियमित खोपको सुनिश्चितताका लागि समयमै सोको आपुर्ति, सुरक्षित भण्डारण तथा वितरण व्यवस्थित गर्ने ।

ग) विशेषतः गर्भ रहेका तथा स्तनपान गराउने महिला एवम् बालबालिका भएका परिवारलाई पोषणका बारेमा सचेत गराउने । कुपोषणको जोखिम रहेका व्यक्ति, परिवार, समुदाय पत्तालगाई आवश्यक

सहयोग उपलब्ध गराउने प्रबन्ध गर्नुका साथै कुपोषितहरुको उपचारमा सहयोग गर्ने ।

घ) हानिकारक रसायनयुक्त, तयारी पाकेटका खानेकुरा तथा अखाद्य सामग्री मिसिएका पत्रुखाना (जंकफुड) को प्रयोगबाट बालस्वास्थ्यमा पर्ने असरबारेमा बालबालिका तथा अभिभावक समेतलाई सचेत गराई विद्यालयमा सोको उपभोग निषेध गर्ने र स्थानीय उत्पादनका खाद्य सामग्रीबाट पोषणयुक्त र स्वादिलो खाना बनाउन सकिनेबारे सचेतना एवम् सीपमूलक कार्यक्रम सञ्चालन गर्ने ।

ङ) स्वास्थ्य संस्थाहरुमा बालबालिकाको लागि निशुल्क आधारभूत स्वास्थ्य सेवासम्बन्धी औषधि लगायतको सामग्री, दक्ष जनशक्तिको सहज उपलब्धता र आपूर्ति गर्ने । स्वास्थ्य संस्थाहरुमा किशोर किशोरीहरुले आफ्नो यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी समस्या बताउन सक्ने वातावरण र सोबारे मनोविमर्श सहितको सेवा उपलब्ध हुने व्यवस्था गर्ने । अपाङ्गता भएका बालबालिकाको स्वास्थ्य संस्थामा पहुँच बढाई आवश्यक सेवा उपलब्ध गराउन प्राथमिकता दिने, सहयोग गर्ने तथा समन्वय गर्ने ।

च) जन्मान्तर तथा परिवार नियोजनबारे सचेतना अभिवृद्धि गर्नुका साथै सो सम्बन्धी सेवा विशेषतः न्यून आय भएका र धेरै सन्तान हुने समुदायमा सहज उपलब्ध हुने व्यवस्था गर्ने ।

छ) महिला स्वास्थ्य स्वयम् सेविकाहरुको क्षमता तथा क्रियाशिलता अभिवृद्धि गरी समुदायको स्वास्थ्य सचेतना एवम् स्वास्थ्य संस्थामा पहुँच बढाउने ।

***उद्धेश्य ६.५*** *(उमेर अनुसार प्रारम्भीक बालबिकास, आधारभूत तह तथा माध्यमिक तहसम्म बालमैत्री वातावरणमा सबै बालबालिकाले गुणस्तरीय शिक्षा आर्जन गर्ने अवसर प्राप्त गरेको सुनिश्चित गर्ने ।)**संग सम्बन्धित नीतिहरु***

७.२३ नगरपालिका भित्रमा सबै चार वर्ष उमेर पुगेका बालबालिकाको प्रारम्भीक बालबिकास तथा शिक्षा सम्बन्धी सेवामा सजिलै पहुँच र सहभागी हुन सक्ने गरी सो सेवाको विस्तार र व्यवस्थापन गरिने छ ।

७.२४ आधारभूत तहमा विद्यार्थी भर्नादर सत प्रतिशत पुऱ्याई आधारभूत तहसम्म अनिवार्य र निशुल्क शिक्षाबाट कोही बन्चित नहुने सुनिश्चित गरिने छ ।

७.२५ माध्यामिक तहसम्मको शिक्षा निशुल्क, गुणस्तरीय र बालमैत्री वातावरणमा सबै बालबालिकाले हासिल गर्नसक्ने सुनिश्चित गरिने छ ।

७.२६ विद्यालयलाई शारीरिक, मानसिक दण्डसजाय मुक्त बनाइने छ, बालबालिका बीच हुने हेपाई (बुलिंग)जस्ता कार्यको अन्त्य गरिनेछ र बालकेन्द्रीत एवम् भयमुक्त शिक्षण प्रणालीको व्यवहारिक कार्यान्वयन गरिने छ ।

७.२७ आधारभूत तह पूरा गरेका तर विद्यालय निरन्तर जान नसक्नेका लागि आवश्यकतामा आधारित माध्यामिक तहको अनौपचारीक तथा खुला विद्यालय सञ्चालन गरिनेछ ।

७.२८ निजी लगानीका विद्यालयलाई सेवामूलक र लोककल्याणकारी बनाउन प्रोत्साहित गरिनेछ र ती विद्यालयहरुले कानूनुरुपको संख्यामा प्रदान गर्नु पर्ने निशुल्क शिक्षा सेवालाई पारदर्शी बनाई निश्चित मापदण्डका आधारमा सहयोगको आवश्यकता रहेका बालबालिकालाई प्रदान गरिने व्यवस्था गरिनेछ ।

७.२९ अपाङ्गता भएका बालबालिकाका लागि सुहाँउदो शैक्षिक सामग्री तथा शिक्षण पद्धति अपाइने छ, विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाका, दलित तथा आर्थिक रुपले बिपन्न बालबालिकालाई विद्यालय भर्ना गराउन तथा सिकाई निरन्तरता दिन विशेष व्यवस्था गरिने छ ।
७.३० अपांगता भएका बालबालिकाहरुका लागि विशेष विद्यालयको व्यवस्था गर्ने छ ।

रणनीति तथा कार्यनीतिः *(नीति ८.२२ देखि ८.२८ संग सम्बन्धित)*

क) बालबालिकाको उमेरसमुह अनुसारको तथ्याङ्कका आधारमा पायक पर्ने विद्यालयमा मापदण्डनुरुप प्रारम्भीक बालबिकास तथा शिक्षा सम्बन्धी सेवा सञ्चालनका लागि आवश्यक सहयोग तथा अनुगमन गर्ने ।

ख) सार्वजनिक विद्यालयहरुमा माध्यामिक तहसम्मको शिक्षा निःशूल्क भएको सुनिश्चित गर्न प्रभावकारी अनुगमन गर्ने तथा नगरपालिकाको शिक्षा शाखामा सो सम्बन्धी गुनासो सुनुवाइको व्यवस्था गर्ने, निःशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालयमा परेको समस्या समाधानका लागि सहयोग, सहजीकरण गर्ने ।

ग) विद्यालय जाने उमेरसमुहका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्नेबारे सबै अभिभावकलाई सचेत गराउने, अभिप्रेरित गर्ने, सहयोग गर्ने र आधारभूत तहसम्मको शिक्षाका लागि विद्यालय भर्ना तथा नियमितता कायम नगर्ने अभिभावकका लागि सजाय स्वरुप नगरपालिकाबाट दिइने केही सुविधा रोक्का गर्ने अभ्यास थालनी गर्ने ।

घ) विद्यालयहरुलाई बालमैत्री बनाउँदै सिकाई उपलब्धी बढाउन आवश्यक तालिम, विषयगत शिक्षक तथा सामग्रीको व्यवस्था गरी अनुगमन प्रक्रियालाई प्रभावकारी बनाउने ।

ङ) विद्यालयमा भयरहित वातावरणमा सिक्ने तथा सिकाउने अवस्थाको विकास गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकमा शारीरिक तथा मानसिक दण्डसजायको नकारात्मक प्रभावकावारेमा सचेतना बढाउने, क्षमता अभिवृद्धि गर्ने ।

च) सकारात्मक सिकाई पद्धती (सकारात्मक अभिभावकत्व, सकारात्मक वा भयरहित शिक्षण सिकाई) बारे शिक्षक तथा अभिभावक समेतलाई तालिम दिने, सीप विकास गर्ने, विद्यालयमा प्रत्येक विद्यार्थीको व्यक्तिगत प्रोफाइल व्यक्तिगत विवरणसहितको खडा गर्ने व्यवस्था मिलाउने तथा विद्यालयको अनुगमनमा यस विषयलाई प्राथमिकता दिने ।

छ) प्रत्येक बिद्यालयमा कम्तिमा एक जना शिक्षकलाई बालबालिकाको मनोसामाजिक समस्या पहिचान गर्नसक्ने तथा सोको प्राथमिक उपचार गर्नसक्ने क्षमता विकासका लागि मनोबिमर्श सेवासम्बन्धी सीपमूलक तालिमको व्यवस्था गरी सो सम्बन्धी सेवा प्रवाहको अनुगमन गर्ने तथा बालिकाहरुको विशेष आवश्यकताका लागि सेवा, सुविधा उपलब्ध गराउने ।

ज) बालबालिकाको शैक्षिक क्रियाकलापमा असर पर्नेगरी कुनै पनि पक्षले विद्यालय बन्द गर्न तथा विद्यालय परिसरको प्रयोग गर्न तथा विद्यालय, विद्यार्थी एवम् शिक्षकलाई राजनैतिक स्वार्थका लागि प्रयोग गर्न निषेध गरी विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने ।

झ) आधारभूत तह पूरा गरी विद्यालय शिक्षालाई निरन्तरता दिन नसकेका बालबालिकाको संख्यानुरुप आवश्यक माध्यामिक तहको

अनौपचारीक तथा खुला विद्यालय सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने ।

ञ) निजी लगानीका विद्यालयलाई बालमैत्री एवम् लोककल्याणकारी बनाउन आवश्यक सहजीकरण गर्ने र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐनले निर्धारण गरेको संख्यामा निःशुल्क शिक्षा प्रदान गर्ने कार्यलाई पारदर्शी बनाई सबैको जानकारी र पहुँच हुने गरी मापदण्ड अनुरुप उपयुक्त र योग्य बालबालिकाले निश्पक्ष रुपमा प्राप्त गर्ने वातावरण मिलाउने र सोको अनुगमन गर्ने ।

ट) अपाङ्गता भएका बालबालिकाका लागि ब्रेल लिपी तथा साङ्केतिक भाषाका शैक्षिक सामग्री तथा शिक्षकको व्यवस्थापन गर्ने, विद्यालय भवनलाई अपाङ्गमैत्री बनाउने । विद्यालय बाहिर रहेका अपाङ्गता भएका, दलित तथा आर्थिक रुपले बिपन्न तथा बाबुआमा बिहिन वा पत्ता नलागेका र विभिन्न जोखिम परिस्थितिबाट उद्धार गरिएका बालबालिकालाई विद्यालय शिक्षाको निरन्तरताका लागि अर्थिक सहयोग प्रदान गर्ने ।

ठ) विद्यालय शत्रको शुरुमा नै सबै बालबालिकाले पाठ्यपुस्तक प्राप्त गरेको सुनिश्चित गर्न आवश्यक अनुगमन एवम् सहजीकरण गर्ने ।

ड) गुणस्तरीय सिकाईका लागि विद्यालयलाई अत्यावश्यक सामग्री तथा भौतिक संरचना निर्माण, मर्मतलाई श्रोत विनियोजनमा प्राथमिकता दिने तथा विषयगत शिक्षकको उपलब्धता सुनिश्चित गर्ने ।

ढ) विद्यालयमा २२० दिन नियमित कक्षा सञ्चालन भएको, शिक्षकहरुको नियमितता रहेको, गुणस्तरीय शिक्षण-सिकाई भएको, बालमैत्री वातावरण भएको लगायतको सुनिश्चितताका लागि नियमित अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने तथा कर्तव्य निर्वाह नभएको अवस्थामा आवश्यक कारवाही समेत गर्ने ।

ण) विद्यालयको नियमित सञ्चालन, शिक्षकको नियमितता, गुणस्तरीय शिक्षण तथा सिकाई, बालमैत्री वातावरण, बालबालिकाको शिक्षा प्रति अभिभावकको जागरुकता र सकारात्मक व्यवहार अभिवृद्धिका लागि विद्यालय व्यवस्थापन समिति तथा अभिभावक शिक्षक संघको क्रियाशिलता बढाउने ।

त) प्रत्येक वर्ष गुणस्तरीय सिकाई, बालमैत्री वातावरण आदी मापदण्डका आधारमा एक विद्यालयलाई उत्कृष्ट पुरस्कार तथा द्रुत गतिमा सुधारोन्मुख रहेका विद्यालयलाई प्रोत्साहन पुरस्कार प्रदान गरी सुधारका लागि स्वस्थ प्रतिस्पर्धात्मक प्रचलन कायम गर्ने ।

***उद्धेश्य ६.६*** *(स्थानीय विकासका हरेक प्रक्रियामा, सबै तहमा बालबालिकासँग सरोकार राख्ने विषयहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।)* ***संग सम्बन्धित नीतिहरु***

७.३० विद्यालय तथा समुदायमा रहेका बालक्लबको सूचीकरण गरिने तथा एक विद्यालय एक बालक्लब गठन गर्न सहजीकरण गरिनेछ ।

७.३१ नगरपालिका भित्रका योजना तर्जुमाको चरणमा नै बालबालिकाको उपयुक्त सहभागिता गराई उनीहरुको विचार, भावनालाई मान्यता दिई योजनामा समावेश गर्न प्राथमिकता दिइनेछ ।

रणनीति तथा कार्यनीतिः *(नीति ७.३० र ७.३१संग सम्बन्धित)*

क) नगरपालिका भित्र रहेका विद्यालय तथा समुदायमा आधारित बालक्लबहरुको सूचीकरण गर्ने र आवश्यकता अनुसार गठन गर्न तथा सोको क्रियाशिलताको लागि सहयोग गर्ने ।

ख) नगरपालिका भित्र बालबालिकासँग सम्बन्धित हुने विभिन्न क्रियाकलाप, समिति, उपसमितिहरुमा आवश्यकतानुरुप बालबालिकालाई सहभागी गराउने ।

ग) वडा तथा नगरपालिकास्तरीय नीति निर्माण तथा योजना, कार्यक्रम तर्जुमाको क्रममा बालबालिकासम्बन्धी विषयवस्तुका लागि बालमैत्री ढङ्गले बालबालिकासँग छलफल गरी उनीहरुको उपयुक्त विचार वा सुझावलाई समावेश गर्ने ।

घ) बालबालिकाको अर्थपूर्ण सहभागिताका साथै बालअधिकार र जिम्मेवारी समेतका बारेमा विद्यालय, अभिभावक, समुदाय तथा बालबालिका बीच सचेतना अभिवृद्धि गर्ने ।

***उद्धेश्य ६.७** (बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि नगरपालिका, वडा तथा समुदाय स्तरमा संस्थागत व्यवस्था गर्ने ।)**संग सम्बन्धित नीतिहरु***

७.३२ बालअधिकारको संरक्षण प्रवर्धनका लागि आवश्यकतानुरुप संस्थागत संरचनाहरुको विकास गर्न सकिनेछ । हालका लागि नगर पालिकामा बालकेन्द्रीत निम्न संरचनाहरुको स्थापना तथा सुदृढीकरण गरिनेछ ।

- कीर्तिपुर नगरपालिका बालअधिकार समिति
- वडा बालअधिकार समिति
- नगर पालिकाको कार्यालयमा बालबालिकासम्बन्धी सम्पर्क व्यक्ति, इकाई तथा बालकल्याण अधिकारी
- वडा बालक्लब सञ्जाल तथा नगर पालिका बालक्लब सञ्जाल

## रणनीति तथा कार्यनीतिः *(नीति ७.३२संग सम्बन्धित)*

क) कीर्तिपुर नगरपालिका बालअधिकार समिति तथा प्रत्येक बडामा वडा बालअधिकार समितिको गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गरी बालअधिकारको संरक्षण, प्रवर्धन, परिपालनाका साथै अनुगमन लगायतका कार्यहरुका लागि सोको गठन र क्रियाशिल बनाइनेछ ।

ख) बालबालिका सम्बन्धी विषयमा आवश्यक समन्वय गर्न, अभिलेख राख्न लगायतका बालकेन्दीत कार्यहरुको व्यवस्थापन एवम् सहजिकरणका लागि नगरपालिकाको कार्यालयमा बालबालिका सम्बन्धी सम्पर्क व्यक्ति तथा इकाई तोकी सोलाई जिम्मेवार र क्रियाशिल बनाइने छ साथै बालबालिका सम्बन्धी ऐनको दफा ६१ बमोजिमको बालकल्याण अधिकारीको व्यवस्था गरिनेछ ।

ग) बालबालिकाको सहभागिता प्रवर्धनका लागि वडामा रहेका समुदाय तथा विद्यालयस्तरमा रहेका बालक्लबहरु मध्येबाट वडा बालक्लब सञ्जाल तथा वडा बालक्लब सञ्जाल मध्येहरुबाट नगरपालिका बालक्लब सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गरी आवश्यकतानुरुप स्थानीय योजना तर्जुमा देखि सार्वजनिक सुनुवाईसम्मका गतिविधिका साथै बालअधिकार सम्बन्धी सचेतना, क्षमता अभिवृद्धि, सिर्जनात्मक गतिविधि, बालसंरक्षण लगायतका गतिविधिहरुमा बालबालिकाको उचित प्रतिनिधित्व तथा सहभागितालाई प्रवर्धन गरिने छ ।

घ) बालसहभागिताका साथै बालअधिकार र बालबालिकाका जिम्मेवारी तथा वयस्कहरुको दायित्वका बारेमा विभिन्न तहमा

सचेतना कार्यक्रमहरु गर्ने, पालिकामा हुने विभिन्न कार्यक्रमहरुमा यस विषयलाई समेत समावेश गर्ने ।

***उद्धेश्य ६.८*** *(बालमैत्री स्थानीय शासन क्रमश: सबै वडाहरुमा कार्यान्वयन गरी नगरपालिकालाई बालमैत्री बनाउने ।)* ***संग सम्बन्धित नीतिहरु***

७.३३. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति अनुरुपको अवधारणालाई आत्मसात् गरी तोकिएका सूचकहरु पूरा गरी समग्र नगरपालिकालाई बालमैत्री घोषणा गर्ने उद्धेश्यनुरुप क्रमश: छानिएका वडाहरुमा ध्यान केन्द्रीत गरी प्रत्येक वडाहरुलाई बालमैत्री घोषणा गर्दै लगिनेछ ।

रणनीति तथा कार्यनीतिः *(नीति ७.३३संग सम्बन्धित)*

क) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यविधिनुरुप साबिकका ३९ तथा परिमार्जित थप १२ समेत गरी ५१ सूचकहरु परिपूर्ति गर्न आवश्यक व्यवस्था गर्नुका साथै सो प्रक्रियाका लागि बालमैत्री स्थानीय शासन नगर समिति तथा वडा समिति गठन गरी बालमैत्री आवश्यक पूर्वाधार तयारी पश्चात सूचकहरु पुरा गरी बालमैत्री स्थानीय शासन घोषणाको प्रक्रिया अघी बढाउने ।

ख) उक्त सूचकहरु परिपूर्तिका लागि तथा सोको निरन्तरताका लागि अन्य निकाय, संघसंस्था तथा सरोकारवालासंग सहकार्य गर्ने ।

***उद्धेश्य ६.९** (बालबालिका सम्बन्धी तथ्यांक, सूचना तथा जानकारीहरुको अभिलेख व्यवस्थापन गर्ने ।) **संग सम्बन्धित नीतिहरु***

७.३४. बालबालिका सम्बन्धी समग्र सूचनालाई एकीकृत र अध्यावधिक गरिने छ र यसक्रममा बालसंरक्षण सँग सम्बन्धित सूचनाहरुको व्यवस्थित अभिलेख राख्ने प्रणाली बसाइनेछ ।

८.३५ प्रत्येक वडामा बालबालिका सम्बन्धी वडागत सूचना अध्यावधिक गरी दुरुस्त राख्ने व्यवस्था गरिनेछ ।

८.३६. बालबालिकाको समग्र अवस्थाबारे अध्यावधिक तथ्याङ्क, सूचना, जानकारी समावेश भएको बालबालिका सम्बन्धी बार्षिक स्थिति प्रतिवेदनको  प्रकाशनलाई नियमितता दिइनेछ ।

रणनीति तथा कार्यनीतिः *(नीति ७.३४, देखि नीति ७.३६सम्म संग सम्बन्धित)*

क) नगरपालिकाको बालबालिका सम्बन्धी इकाईमा बालबालिका सम्बन्धी समग्र तथ्यतथ्याङ्क तथा सूचना जानकारी डिजिटल रुपमा समेत राख्ने तथा यसका लागि आवश्यकतानुसार अन्य निकाय तथा संघसंस्थाहरुसँग सहकार्य गर्ने । बालबालिका सम्बन्धी विशेषतः बालसंरक्षण सम्बन्धी राख्नुपर्ने अभिलेख सम्बन्धी बिस्तृत कार्यविधि बनाई कार्यान्वयन गर्ने ।

ख) प्रत्येक वडामा बालबालिका सम्बन्धी तथ्याङ्क तथा सूचना, जानकारीको अध्यावधिक गरी दुरुस्त राख्ने व्यवस्थाका लागि वडा सदस्य तथा स्थानीय स्तरमा कार्यरत संघसंस्था लगायतको

सहभागितामा सूचना व्यवस्थापन टोली बनाई अभिलेख दुरुस्त र व्यवस्थित गर्ने ।

ग) बालबालिकासँग सम्बन्धित विशेषत: बालसंरक्षणको क्षेत्रमा आवश्यकतानुरुप अध्ययन अनुसन्धान गर्ने, गराउने ।

घ) प्रत्येक वर्ष नगरपालिका भरीको बालबालिका सम्बन्धी तथ्याङ्क, सूचना, जानकारी सहितको बालबालिका सम्बन्धी बार्षिक स्थिति प्रतिवेदन राष्ट्रिय बालदिवसको अवसरमा प्रकाशित गर्ने ।

ङ) बालबालिकाको प्रोफाइल डिजिटल रुपमा अद्यावधिक गर्ने ।

***उद्धेश्य ६.१०*** *(सरकारी, गैरसरकारी, नीजीक्षेत्र र अन्य सरोकारवालाहरु बीच बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि समन्वय, सहकार्य र साझेदारी कायम गर्ने ।)* ***संग सम्बन्धित***

७.३७ बालअधिकारको संरक्षण, सम्वर्द्धन तथा परिपालनाका लागि सम्बन्धित सरकारी निकायहरुलाई बालबालिकाको अवस्था सम्बन्धी तथ्याङ्क, सूचनाका आधारमा बालबालिकाको विषयलाई प्राथमिकता दिन तथा बालकेन्द्रीत गतिविधि गर्न, बालसम्वेदनशीलता अभिवृद्धि गर्न सहजिकरण तथा नियमित अन्तरक्रिया गरिनेछ ।

७.३८ नगरपालिका स्तरमा, जिल्ला तथा प्रदेशस्तरमा र राष्ट्रिय स्तरमा बालबालिकाका निम्ति क्रियाशिल संघसंस्था लगायतसँग बालबालिकाको विषयमा परिणाममुखी कार्य गर्न आवश्यक समन्वय, सहयोग, सहकार्य र साझेदारी गरिनेछ ।

७.३९ आमसञ्चार माध्यमलाई बालमैत्री तथा बालसंवेदनशील बनाउन सहजीकरण गरिनेछ ।

## रणनीति तथा कार्यनीतिः *(नीति ७.३७ देखि नीति ७.३९ संग सम्बन्धित)*

क) बालबालिकाको अवस्था र प्राथमिकता दिनुपर्ने क्षेत्र तथा विषयका बारेमा सरोकारवाला निकायहरुलाई नियमित रुपमा सूचना प्रवाह गर्नुका साथै सो निकायका योजना तर्जुमा देखि कार्यान्वयन तहका पदाधिकारी एवम् कर्मचारी बीच बालसंवेदनशीलताका बारेमा आवधिक छलफल, अन्तरक्रियाहरु गर्ने ।

ख) नगरपालिका भित्र बालबालिकाको क्षेत्रमा क्रियाशिल संघसंस्थाहरुको कार्यक्षेत्र सहितको सूची अद्यावधिक गर्ने तथा उनीहरु बीच आवश्यक समन्वय, सहकार्य र सूचना आदानप्रदान लगायतका लागि कम्तिमा तिन महिनामा एक पटक समन्वय बैठक गर्ने ।

ग) आमसञ्चार माध्यममा बालबालिका सम्बन्धी विषयलाई बालअधिकारसम्मत रुपमा प्राथमिकताका साथ स्थान दिन सञ्चारकर्मी बीच बालसंवेदनशीलता सम्बन्धी समय समयमा अभिमूखिकरण गर्ने, आवश्यकतानुरुप अनुगमन कार्यमा सहभागी गराउने, समस्या औंल्याउने मात्र नभई असल अभ्यासहरु र सकारात्मक प्रयासहरु समेतलाई समेट्न समन्वय तथा सहकार्य गर्ने ।

घ) बालबालिका र जनप्रतिनिधि बिच अन्तरक्रिया, छलफल तथा बैठक कार्यक्रम संचालन गर्ने ।

# ८. नीतिको कार्यान्वयन, संस्थागत संरचना एवम् मानवीय तथा आर्थिक श्रोतको व्यवस्थापन

यस नीतिको कार्यान्वयनको समग्र जिम्मेवारी नगर कार्यपालिकामा रहनेछ । यस नीतिको कार्यान्वयनका निमित्त आवश्यकतानुसार नगरसभाले कानूनहरू पारित गर्नेछन् । यस नीति तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५४ बमोजिमको बालसंरक्षण मापदण्ड कार्यपालिकाको बैठकले पारित गर्नेछ । यस नीतिको कार्यान्वयनका निमित्त नगरपालिका र वडा स्तरीय बालअधिकार समितिलाई परिचालन गरिनेछ। बालबालिकाको अधिकार संग सम्बन्धित विषयमा पर्ने निवेदन उपर समयमै सुनवाई गरी निर्णय गर्ने व्यवस्थाका निमित्त स्थानीय न्यायिक समितिलाई सक्षम बनाइनेछ ।

यस बालबालिका सम्बन्धी नीतिको कार्यान्वयनार्थ नीतिसँग सम्बन्धित गतिविधिहरु नगर पालिकाको वार्षिक योजनामा समावेश गरिने छ र यसका निमित्त आधारभूत रुपमा मानवीय तथा आर्थिक श्रोतको व्यवस्थापन नगरपालिका तथा वडा समितिबाट गरिनेछ । आधारभूत गतिविधिका लागि मानव श्रोतका रुपमा नगरपालिका अन्तरगतका तोकिएका कर्मचारी तथा जनप्रतिनिधिहरुको विशेष जिम्मेवारी रहनेछ भने बालबालिकाको क्षेत्रमा क्रियाशिल संघसंस्था तथा नागरिक समाजका व्यक्तिहरु समेतको सहयोग लिइनेछ,, परिचालन गरिनेछ । बालबालिका सम्बन्धी ऐनको दफा ६१मा उल्लेख भएको हरेक स्थानीय तहमा एक बालकल्याण अधिकारी रहने प्रावधाननुरुप सोको व्यवस्था गर्न प्राथमिकता दिइने छ । आधारभूत गतिविधिका लागि आर्थिक श्रोत नगरपालिका तथा वडा समितिको नियमित बार्षिक बजेट भित्र समायोजन गरिनेछ भने कतिपय गतिविधिहरु अन्य संघसंस्था तथा निकायसँगको सहकार्य, साझेदारीमा पनि गर्न सकिनेछ । विषयगत प्राविधिक सहयोगका लागि विशेषज्ञता हासिल गरेका व्यक्ति, संघसंस्था तथा निकायसँग सहकार्य गर्न तथा सेवा खरीद गर्न सकिनेछ ।

## ९. विस्तृत कार्ययोजना तथा समन्वय

यस नीतिलाई प्रभावकारी कार्यन्वयन गर्नका लागि विषयगत रुपमा विस्तृत रणनीतिक कार्यक्रम वा कार्ययोजना वा कार्यविधि तयार गर्न सकिनेछ ।

यस नीतिको कार्यान्वयनको निम्ति आवश्यक समन्वय नगरपालिकाको महिला, बालबालिका तथा सामाजिक विकास शाखाबाट गरिनेछ ।

## १०. अनुगमन तथा मूल्याङ्कन

यस बालबालिका सम्बन्धी नीतिको कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन उपप्रमुखको नेतृत्वमा नगर कार्यपालिकाले तोकेका नगरपालिकाका पदाधिकारी, कर्मचारी, नगर बालअधिकार समिति तथा नागरिक समाजसमेतको प्रतिनिधित्व रहने अनुगमन तथा मूल्याङ्कन समितिबाट हुनेछ र उक्त समितिले आफ्नो कार्यविधि आँफै तय गर्नेछ । अनुगमन तथा मूल्याङ्कन समितिबाट वार्षिक प्रतिवेदन नगर कार्यपालिकामा पेश गरिनेछ । नगर बालअधिकार समितिले हरेक छ महिनामा नगरपालिकाका पदाधिकारी सहित अन्य सरोकारवालाहरु समेतका बीच नीतिको कार्यान्वयन सम्बन्धी समिक्षा बैठकको आयोजना गर्नेछ र सोको प्रतिवेदन नगर कार्यपालिकामा पेश गरिनेछ । आवश्यकतानुरुप स्वतन्त्र अनुगमन तथा मूल्याङ्कन टोलीबाट पनि अनुगमन, मूल्याङ्कन गर्न गराउन सकिनेछ ।

नगर बालअधिकार समितिबाट वार्षिक रूपमा प्रदेशस्तरको बालअधिकार समितिमा पेश हुने प्रतिवेदनमा यस नीति समेतका आधारमा बालबालिकाको विषयहरूमा नगर व्यवस्थापिका, कार्यपालिका तथा बालअधिकार समितिमार्फत भएका कार्यहरू, न्यायिक समितिमा आएका

बालबालिकासँग सम्बन्धित उजुरी तथा त्यस उपर भएको निर्णय, त्यसको कार्यान्वयनको स्थिति समेत समावेश गरिनेछ ।

यस नीतिको अनुगमन तथा मूल्याङ्कनलाई सरल र प्रभावकारी बनाउनका लागि राष्ट्रिय योजना आयोगले तर्जुमा गरी व्यवहारमा ल्याएको नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन ढाँचा तथा संघीय व्यवस्था तथा सामान्य प्रशासन मन्त्रालयले कार्यन्वयनमा ल्याएको अनुगमन तथा मूल्याङ्कन प्रणाली समेतलाई ध्यानमा राख्दै स्थानीय अवस्थानुरुप प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने छ ।

## ११. नीतिको व्याख्या तथा वाधा अड्काउ फुकाउ एवम् पुनरावलोकन

यस बालबालिका सम्बन्धी नीतिको कार्यान्वयनको क्रममा कुनै दुविधा हुन गएमा सोको व्याख्या गर्ने तथा वाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ । यस नीतिको व्याख्या तथा व्यवहारमा लागूगर्ने क्रममा निम्न कुराहरुलाई आधारभूत सिद्धान्तका रुपमा आत्मसात् गरिने छ ।

१ बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तः
कुनै पनि विषयमा निर्णय गर्दा, योजना बनाउँदा, श्रोत विनियोजन गर्दा तथा बालबालिकाको उद्धार, संरक्षण, पुनर्स्थापन लगायतका कार्य गर्दा बालबालिकाको अधिकारको सम्मान, संरक्षण हुने गरी उनीहरुको हित हुने कुरालाई अर्थात् सर्वोत्तम हितलाई प्राथमिकता दिइने छ ।

२ बालबालिका विरूद्धको हिंसा, दुर्व्यवहार, शोषण सह्य नहुनेः

कुनै पनि बहनामा, कुनै पनि व्यक्तिबाट हुने बालबालिका विरूद्धको हिंसा, दुर्व्यवहार, शोषणलाई छुट दिइने छैन र कानून अनुरुप कारवाही गर्न ढिलासुस्ती हुन दिइने छैन । साथै कुनै पनि बहनामा कसैबाट पनि कुनै पनि बालबालिकालाई विभेदपूर्ण व्यवहार हुन दिइने छैन ।

३ बालबालिकाको लागि लगानीलाई प्राथमिकता
बालबालिकालाई प्रत्यक्ष हित हुने, फाइदा हुने, सहयोग पुग्ने कार्य तथा विशेषतः बालबालिकाको संरक्षण, विकासका लागि सञ्चालन हुने कार्यमा उचित श्रोत विनियोजन गरी योजनावद्ध रुपमा हरेक तहमा बालबालिकाको लागि लगानीलाई प्राथमिकता दिइनेछ ।

४ बालबालिकाको विचार र भावनाको कदरः
बालबालिकासँग सम्बन्धित विषयमा तथा स्थानीय तहको योजना निर्माणको चरणबाट नै बालबालिको अर्थपूर्ण सहभागितालाई प्राथमिकता दिइनेछ । यस क्रममा विषयको गाम्भिर्यता तथा बालबालिकाको परिपक्वताका आधारमा बालबालिकाद्वारा व्यक्त विचार र भावनाको उचित कदर गरी मान्यता दिइनेछ ।

५ कोही पनि बालबालिकालाई आधारभूत सेवाबाट बञ्चित नगरिने
नगरपालिका भित्रका प्रत्येक बालबालिका समान रुपमा बालअधिकारका हकदार हुन्, कुनै पनि बहानामा बालबालिकाको अधिकार हनन हुन नदिनुका साथै आधारभूत सेवाबाट कोही पनि बञ्चित हुनु पर्ने अवस्था सिर्जना हुन दिइने छैन ।

सामान्यतयाः हरेक पाँच वर्षमा निर्वाचित हुने नगर कार्यपालिकाबाट यस नीतिको पुनरावलोकन गरिनेछ, तर बालबालिकाको सर्वोत्तम हितका लागि आवश्यकतानुरुप सो समय भन्दा अगावै गरिने नीतिको संशोधन र अद्यावधिक गर्ने कार्यलाई यस प्रावधानले रोकेको मानिने छैन ।

**प्रमाणीकरण मितिः- २०८१।०९।२७**

**आज्ञाले**
**माधवप्रसाद ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**